# प्रदेश सभा

**प्रदेश नं. ५**
**प्रथम अधिवेशन**
**बाइसौं बैठक**
**दैनिक कार्यसूची**
२०७५ वैशाख २५ गते
**मंगलबार**
दिनको १ बजे

प्रदेश सभा ... बुटवल, नेपाल

१. प्रदेश नं ५ प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकसँग सम्बन्धित **विधायन समितिको प्रतिवेदन सभामा प्रस्तुत हुने ।**

२. प्रदेश सभा नियमावली, २०७४ बमोजिम प्रदेश नम्बर ५ अर्न्तगतका गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको **दफावार छलफल सभामा हुने ।**

३. प्रदेश सभा नियमावली, २०७४ बमोजिम प्रदेश नम्बर ५ अर्न्तगतका गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माननीय सभामुखले **निर्णयार्थ प्रस्तुत गर्नु हुने ।**

४. प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम प्रदेश नं. ५ प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक **माथि सैद्धान्तिक छलफल हुने** र छलफलमा भाग लिने माननीय सदस्यहरुलाई ३ मिनेटको समय निर्धारण गर्ने ।

५. उक्त विधेयकमाथि छलफलमा उठेका प्रश्नको जवाफ सम्वन्धित मन्त्रीले दिनु हुने र दफावार छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नु हुने ।

६. प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम प्रदेश नं. ५ प्रदेश प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक **माथि सैद्धान्तिक छलफल हुने** र छलफलमा भाग लिने माननीय सदस्यहरुलाई ३ मिनेटको समय निर्धारण गर्ने ।

७. उक्त विधेयकमाथि छलफलमा उठेका प्रश्नको जवाफ सम्वन्धित मन्त्रीले दिनु हुने र **दफावार छलफल गरियोस्** भन्ने प्रस्ताव प्रस्तुत गर्नु हुने ।

८. प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ बमोजिम प्रदेश नम्बर ५ प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको **विधेयक सम्बन्धित मन्त्रीले सभामा पेश गर्नु** हने ।

०७५।१।२४

डा. मान बहादुर वीके
प्रदेश सभा सचिव